वर्ष : २१, अंक : २२, काठमाडौं, २०८२ असोज ३१ गते शुक्रबार, 17 October, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## फुट्यो जनमत, जनस्वराज गठन



काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टी विभाजन भएको छ । जनमत पार्टीबाट विभाजन भएर गठन भएको जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ । ई.दीपक साहको नेतृत्वमा २५ सदस्यीय कार्यसमिति सहित जनस्वराज पार्टी दर्ता भएको आयोगले जनाएको हो ।

आयोगका अनुसार जनस्वराज पार्टीले माग गरेको झण्डामा निलो, सेतो र रातो रङ्गको ठाडो धर्का रहनेछ । जनस्वराज पार्टीले माग गरेको छाप गोलाकार हुनेछ, जसमा पार्टीको नाम अंकित हुनेछ र मध्य भागमा पार्टीको निर्वाचन चिह्न रहनेछ ।

हाललाई जनस्वराज पार्टीले कुनै निर्वाचन चिन्ह माग गरेको नदेखिएकाले, आयोगमा दर्ता कायम रहेका दलहरूको चिन्हसँग नबाझिने गरी उपयुक्त चिन्ह प्रस्ताव गर्न आयोगले जनस्वराज पार्टीलाई निर्देशन दिने जनाएको छ ।

त्यसैगरी, निर्वाचन आयोगले जनमत पार्टीबाट निर्वाचित प्रदेश सभा र स्थानीय तहका प्रतिनिधिहरूलाई निर्वाचन कार्यालयहरूमा गएर सनाखत गर्न भनेको छ ।

आयोगले दिएको पत्रमा भनिएको छ, 'नयाँ गठन भएको जनस्वराज पार्टीमा सो दल गठन हुनुभन्दा तत्काल जनमत पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम ७ (क) बमोजिम प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयं उपस्थित भई सनाखत गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने ।'

# मधेशको जिम्मेवारी सोनलको काँधमा



जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता जितेन्द्र सोनल नियुक्त भएका छन् । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा २ बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् ।

सोनलले ६ दलका ५७ प्रदेश सांसदको हस्ताक्षरसहित बुधबार मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । यसै दिन, कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले जनमतका १३ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । तर, जनमतले यो दाबीलाई खण्डन गरेपछि प्रदेश प्रमुख कार्यालयले सोनललाई समर्थन गरेको थियो । दुवै पक्षले दाबी पेस गरेपछि प्रदेश प्रमुख कार्यालयमा तनावको स्थिति सिर्जना भएको थियो ।

कांग्रेस र एमालेले जनमतलाई फोडेर आफ्नो नेतृत्वमा सरकार बनाउने प्रयास गरे पनि जनमतको कित्ता परिवर्तनले सोनलको पक्षमा समर्थन जुट्यो । फलस्वरूप, निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्व वनमन्त्री त्रिभुवन साह 'दीपक'ले जनमत छोडेर जनस्वाराज पार्टी (जस्वपा) मा सह-नेतृत्वमा सनाखत गरे । सनाखतका लागि निर्वाचन कार्यालय पुगेका सिंहलाई रोक्न जनमतका नेता-कार्यकर्ताले प्रयास गरेका थिए ।

### सोनलद्वारा शपथ ग्रहण

मधेश प्रदेशको नयाँ मुख्यमन्त्रीको रूपमा जितेन्द्र सोनलले बिहीबार औपचारिक रुपमा शपथ ग्रहण गरेका छन् । प्रदेश प्रमुख सुमित्रा सुवेदीको उपस्थितिमा सम्पन्न समारोहमा सोनलले आफ्नो पदभार ग्रहण गर्दै प्रदेशको विकास, सुशासन र जनकल्याणमा सबैको साथमा काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

सोनलको मुख्यमन्त्री नियुक्ति पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहको राजीनामापछि आएको हो । प्रदेश प्रमुखले सबै दलहरूको सिफारिस र दाबीको समीक्षा गरेपछि सोनललाई मुख्यमन्त्री पदका लागि आह्वान गरेकी थिइन् । कांग्रेस र एमाले बाहेक अन्य

***बाँकी अन्तिम पृष्ठमा***

## 'नेपालमा नोटबन्दीको आवश्यकता र औचित्य'बारे अन्तरक्रिया




काठमाडौं । नेपालमा भ्रष्टाचार, बेथिति, अनियमितताले सीमा पार गरिसकेको भन्दै नोटबन्दीबारे बहस, तर्क-वितर्क र छलफलहरु हुन थालेका छन् । यसैबीच, देशको संघीय राजधानी काठमाडौंमा 'नेपालमा नोटबन्दीको आवश्यकता र औचित्य'बारे अन्तरक्रिया सम्पन्न भएको छ ।

नेपाल-भारत वर्ल्ड डेभलपमेन्ट फोरमले शनिबार काठमाडौंमा 'नेपालमा नोटबन्दीको आवश्यकता र औचित्य'बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । सो अन्तरक्रिया कार्यक्रममा विभिन्न अर्थ विद्, बुद्धिजीवी, युवा राजनीतिकर्मी र बौद्धिक व्यक्तित्वहरुको सहभागिता थियो ।

सो कार्यक्रममा वक्ताहरुले नेपालमा नोटबन्दीबारे मिश्रित प्रतिक्रिया दिएका थिए । कतिपय अर्थविद्ले नेपालमा नोटबन्दी आवश्यकता र औचित्य दुवै रहेको तर्क गरेका थिए भने कतिपयले यो नेपालका लागि घातक हुनसक्ने भन्दै सचेत गराएका थिए ।

सो कार्यक्रममा राष्ट्रिय पिछडावर्ग (ओबीसी) महासंघका अध्यक्ष कौशल कुमार सिंहले 'नेपालमा नोटबन्दीको आवश्यकता र औचित्य' शीर्षकमा एउटा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा उनले समस्या, नेपालमा नोटको अवस्था र समाधानका विषयमा विश्लेषणात्मक सुझाव प्रस्तुत गरेका थिए ।

नेपालमा नोटबन्दीपछि उत्पन्न हुने अनेक कठिनाईका बाबजुद पनि यसले वित्तीय समावेशीकरणमार्फत सशक्तिकरणमा जाने अवसर सिर्जना गर्ने तर्क सिंहले गरेका छन् । नेपालको हकमा नोटबन्दी गर्दा अल्पकालमा धेरै चुनौती व्यहोर्नुपर्ने सम्भावना भएपनि दीर्घकालमा भने यसको सकारात्मक प्रभावबारे सहजै अनुमान गर्न सकिने उनको तर्क थियो । उनले नोटबन्दी आफैमा सही वा खराबभन्दा पनि नेपालको वर्तमान अवस्थामा त्यसको सान्दर्भिकता के कति हुन सकिन्छ भन्नेबारे गम्भीर भएर विचार गर्नुपर्ने कार्यपत्रमा उल्लेख गरेका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***


## भ्रष्टाचार छानबिनमा तीव्रताका लागि अभियानको प्रदर्शन



काठमाडौं । जेनजी आन्दोलनको बलमा सुशील कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले कार्यभार सम्हालेको एक महिना पूरा भएको सन्दर्भमा राष्ट्रिय एकता अभियानले काठमाडौंको माइतीघर मण्डलमा शक्तिशाली दबाब सभा आयोजना गरेको छ। भ्रष्टाचार छानबिनमा देखिएको ढिलासुस्ती र निष्क्रियताप्रति कडा आपत्ति जनाउँदै अभियानले सरकारलाई तत्काल कदम चाल्न दबाब दिएको हो। सभाको मूल नारा "भ्रष्टाचार विरुद्ध नागरिकको दबाब, पारदर्शिता र न्याय हाम्रो अधिकार" रहेको थियो, जसले नागरिक समाजको असन्तुष्टि र न्यायप्रतिको तिब्र चाहनालाई उजागर गरेको छ। कार्यक्रममा उल्लेख्य संख्यामा उपस्थित जनसमुदायले विभिन्न भ्रष्टाचारका काण्डहरूमा संलग्न दोषीमाथि अविलम्ब कारबाहीको माग गरेका थिए।

सभामा उपस्थित जनसमुदायले विशेषगरी ठूला र चर्चित भ्रष्टाचारका काण्डहरूमाथि केन्द्रित भएर चर्को नाराबाजी गरेका थिए। उनीहरूले "पोखरा एयरपोर्टका भ्रष्टाचारीलाई कार्यवाही गर, विकासको हत्यारालाई उन्मुक्ति नदे!", "गिरिबंधु र भूटानी शरणार्थी फाइल ओपन गर, सत्य छिपाउने खेल बन्द गर!" र "टेरामैक्स घोटालाबाजलाई कार्यवाही गर, जनता ठगेकालाई छोड्न पाइँदैन!" जस्ता नाराहरू लगाएका थिए। यस्तै, "काँटोमेंट घोटालाको हिसाब दे, जनताको पैसामा विलासी जीवन बन्द गर!" र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई कार्यवाही गर भन्दै उच्च पदस्थ व्यक्तिहरूमाथि पनि कारबाहीको माग गरिएको थियो। समग्रमा "जनताको कर, नेताको खर - अब यो खेल बन्द गर!" भन्ने नाराले भ्रष्टाचारले आम जनतामा पारेको नकारात्मक प्रभावलाई झल्काएको थियो।

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

# यो दीपावलीले मधेशको अँध्यारोलाई चिर्न सकोस्

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् दीपावली सम्पन्न भएको छ। धनदौलत, सुख, समृद्धिका लागि लक्ष्मीको पूजा गरिने दियोमा तेलका बत्तीबालेर उज्यालो बनाइने भएकाले यो उज्यालो पर्व वा दीपावली पनि हो। दिपावलीको सामाजिक महत्व पनि छ। यसले मानव र प्रकृतिको सम्बन्धलाई दर्शाउँछ। मानिसका सहयोगी पशुपक्षीको पूजा गरिनु विशिष्ट महत्व छ। दिपावली मनोरञ्जनको पर्व पनि हो। रमाइलो र पारिवारिक भेटघाटका रूपमा खुशीयाली र उमङ्गका साथ मनाइन्छ। मिठो खाने, शुभकामना आदानप्रदान गर्ने र रमाइलो गर्ने चाडकै रूपमा दिपावली पनि पर्छ।

दिपावली प्रकाशको पर्व भएकोले यसपटकको तिहारले मधेशको विकास, समृद्धि, उन्नति तथा प्रगतिको पथमा सार्थक हुने विश्वास गर्न सकिन्छ। मूलतः मधेशमा अविकास, गरिबी, असमानता र विभेद उच्च छ। यसलाई सम्बोधन गर्न केन्द्र र प्रदेश सरकारको प्रभावकारी कार्यक्रमको आवश्यक्ता समथर भूभाग, यातायातको राम्रो सुविधा, भारतसँगको निकटता, उद्योग र व्यापारको केन्द्र भएका कारण राम्रो सम्भावना बोकेको छ।

तर पनि यही क्षेत्रका केही जिल्ला र केही स्थानीय तहमा आर्थिक, सामाजिक र राजनीतिक पछौटेपन हुनु विगतका कार्यक्रमको असफलताको परिणाम हो। एउटा विचारणीय पक्ष के पनि छ भने मधेशका केही जिल्ला मुलुककै उच्च मानव विकास सूचकाङ्क र न्यून गरिबी भएका जिल्ला हुन्। मधेशमा बसोबास गर्ने केही जाति मुलुककै सबभन्दा समृद्ध जातिमा पर्छन्। विगतमा यही कुरालाई छुट्याउन नसक्दा विकासको फल लक्षित वर्गसम्म पुग्न नसकेको हो र जनताबीच आर्थिक, सामाजिक विकास स्तरमा ठूलो अन्तर सिर्जना भएको हो।

दक्षिणमा रहेको समथर उर्वरभूमि, सडक पूर्वाधारको विकास, उद्योगधन्दाका हिसाबले समृद्ध क्षेत्र मानिए पनि यसले समग्र मधेश क्षेत्रमा समृद्धि पुग्न नसकेको यथार्थ हो। मुलुककै ठूला औद्योगिक र व्यापारिक सहर यही क्षेत्रमा छन्। यातायात, सञ्चारको विकास पनि राम्रो छ। तर पनि विकास केही क्षेत्र र समूहमा मात्रै सीमित छ। मधेशको दक्षिणवर्ती सीमा क्षेत्रमा पर्याप्त पूर्वाधारको विकास हुनसकेको छैन।

खासगरी मधेश प्रदेशको यो क्षेत्र बढी पिछडिएको छ। साक्षरता दर, औसत आय, मानव विकास सूचकाङ्क ज्यादै कम छ र गरिबी निकै बढी छ। मध्य मधेशका जिल्लाको गरिबी झण्डै ४० प्रतिशत छ जुन मध्य तथा सुदूरपश्चिमका पहाडी तथा हिमाली क्षेत्रभन्दा केही कम मात्रै हो। बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा बढी गरिबी छ। मानव विकास सूचकाङ्कमा पनि यिनै जिल्ला पछाडी छन्। महोत्तरी र रौतहट कर्णालीका जिल्लाकै हाराहारीमा छन्।

त्यसैले अबका कार्यक्रमले वास्तविक लक्षित वर्ग पहिचान गर्नुपर्छ र वास्तविक समस्यालाई समाधान गर्नुपर्छ। राज्यको साधन स्रोत र सुविधा विगतको जस्तो सीमित टाठाबाठाले कब्जा गर्ने अवस्था आयो भने मधेशका आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सकिँदैन। अब मधेशमा सञ्चालन गर्ने कार्यक्रमको बजेट निकासा र खर्चलाई पारदर्शी र वस्तुनिष्ठ बनाउनुका साथै अधिकतम लाभ हुने क्षेत्रमा खर्च गरी पहिचान गरिएका वर्ग, समुदाय र क्षेत्रको जीवनस्तरमा सुधार ल्याउनुपर्छ।

देश केन्द्रीकृत र एकीकृत राज्य प्रणालीबाट सङ्घीय प्रणालीमा गएको दुई वर्षभन्दा बढी भइसक्यो तर अधिकार र शक्ति सिंहदरबारले छोड्न चाहेको छैन। केन्द्रीय कर्मचारी नेतृत्व पनि सङ्घीयता कार्यान्वयनमा उदासिन नै रहेको आभास भएको छ। मधेशका नेताहरू निर्वाचन जितेपछि आफ्नो गाउँ ठाउँको विकास गरी सुविधा सम्पन्न बनाउनेतर्फ लाग्नु पर्छ। तर उनीहरू भन्दा आफू र आफ्नो परिवार समेत सुविधा सम्पन्न ठाउँमा बस्ने व्यवस्था मिलाउनमै तल्लीन रहेको देखिन्छ। यसले जनतामा राजनीतिप्रति नै वितृष्णा र अविश्वास पैदा गराएको छ।

यस प्रवृत्तिमा वर्तमान राजनीतिक कार्यकर्ताहरूले समयमै सुधार नगर्ने हो भने जनताको राजनीतिप्रतिको अविश्वास चुलिँदै गएर राजनीतिक दुर्घटना निम्तन समेत सक्छ। अबको राजनीति कोरा नारा र भाषणमा मात्र सीमित रहनु हुन्न। मधेशको विकास र समृद्धिको बाटोमा डोऱ्याउनेतर्फ उद्यत रहनु पर्दछ। विकास र समृद्धिको नारा दिएर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्न सक्नु पर्दछ। त्यो नै आजको आवश्यक्ता हो।

# नेपालमा नोटबन्दीको आवश्यकता र औचित्य



कौशल कुमार सिंह

हालैका जेन-जीको आन्दोलनको क्रममा केही नेताहरुको घरमा ठूलो मात्रामा जलेको नोट भेटिएपछि नेपालमा ठूलो मात्रामा कालो धन घर-घरमा लुकाएर राखिएको छ भने बहसले तिव्रता पाएको छ। हुनत यसभन्दा अगाडी पनि भारतमा नोटबन्दी भएपछि नेपालमा पनि नोटबन्दी हुनुपर्छ भन्ने भनाइ उठेको थियो। त्यही बेलादेखि बेला बेलामा नेपालमा पनि नोटबन्दी हुनुपर्छ भने आवाज उठेता पनि जेनजी आन्दोलनपछि कालो धनलाई बाहिर ल्याउन वा कालो धनलाई समाप्त पार्न सिधा रुपमा ठूला नोटबन्दी हुनुपर्ने आवाज सर्वसाधारणबीच उठन थालेको हो।

नोटबन्दी एक अत्यन्त कठोर कदम हो र यसलाई हल्का रूपमा लिनु हुँदैन्। किनभने, नोटबन्दी कालोधनलाई निष्क्रिय पार्ने एक मात्र विकल्प होइन। कालोधनलाई लुकाउने वा सेतो बनाउने अन्य धेरै उपायहरू रहेका छन्। त्यसैले, नोटबन्दी जस्तो कठोर कदम लागू गर्नुअघि यसको सम्भावित असरबारे गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ। तरपनि नोटबन्दीको विषयमा अर्थशास्त्रीहरू, नीति निर्माताहरू र आम नागरिकबीच बहस सुरु भएको छ। यसबारे अहिले सामाजिक सञ्जाल र आम सर्वसाधारण बीचमा रु. ५०० र हजारका नोटबन्दी (Demonetization) गर्नुपर्ने आवाज उठेको छ।

यो त आम जनता र केही इमान्दार अर्थविद्हरुको भनाइ हो। तर नेपालमा यसअघि १० करोडसम्मको रकमलाई आयकर बुझाएपछि त्यसको स्रोत खोजी नगर्ने भन्दै दुई नम्बरको रकमलाई एक नम्बर बनाइएको उदाहरण समेत रहेको छ।

हाम्रो छिमेकी देश भारतमा नरेन्द्र मोदी नेतृत्वको सरकारले सन् २०१६ मा एकाएक नोटबन्दीको घोषणा गऱ्यो। यसलाई पछिल्लो समयको नोटबन्दीको चर्चित उदाहरणका रूपमा लिइन्छ। भारतमा नोटबन्दीबारे धेरै आलोचना भएपनि ९९ प्रतिशत रकम बैकिङ्ग प्रणालीमा आयो र धेरै ठाउँमा ठूलो परिमाणमा नोटहरु पनि समातियो। भारतमा एकाएक नोटबन्दी भएपछि अहिले त्यहाँ घरमा नोट राख्ने प्रवृतिको अति न्यून भएको देखिन्छ। तापनि कतिपय ठाउँमा आयकर विभागको छापामारीको क्रममा ठूलो मात्रामा नोटहरु समातिने गरेका छन्। भारतमा कतिपयले अवैध रकम पहिला घरमा राख्ने प्रचलन रहेकोमा पछिल्लो समय अवैध धन पनि कुनै न कुनै हिसाबले बजारमा लगानी भएपछि भारतीय बजार विस्तार भएको जिकिर समेत गर्न थालेका छन्।

नेपालमा नोटबन्दीपछि उत्पन्न हुने अनेक कठिनाईका बाबजुद पनि यसले वित्तीय समावेशीकरणमार्फत सशक्तीकरणमा जाने अवसर सिर्जना गर्नेछ। बैंकिङ च्यानलको प्रयोग बढ्दै जाँदा यसले ऋण सेवामा पहुँच बढाउने छ। खासगरी महिला र सीमान्तीकृत समुदायको हकमा दीर्घकालीन सामाजिक सकारात्मक प्रभाव देखिने र वित्तीय समावेशीकरणको बाटो लिएमा यसले व्यक्तिको आत्मनिर्भरता बढाउँछ। नोटबन्दीपछि जबर्जस्ती अपनाइएको डिजिटल भुक्तानी र औपचारिक बैंकिङ प्रणाली दीर्घकालीन रूपमा व्यावहारिक परिवर्तन ल्याउने छ। यसले वित्तीय साक्षरता, बचत गर्ने बानी र औपचारिक अर्थतन्त्रमा सहभागिता बढाउने छ, जसले दीर्घकालीन रूपमा आर्थिक स्थिरता र अवसरहरूलाई सुदृढता प्रदान गर्नेछ। नोटबन्दीपछि अपनाउनुपर्ने डिजिटल भुक्तानी तथा औपचारिक बैंकिङ प्रणालीले दीर्घकालीन रूपमा सकारात्मक परिवर्तन ल्याउँछ। जसले दीर्घकालीन रूपमा आर्थिक स्थिरता हासिल हुँदैन, नवीन अवसरहरू बढ्न थाल्छ।

नेपालको हकमा नोटबन्दी गर्दा अल्पकालमा धेरै चुनौती व्यहोर्नुपर्ने सम्भावना भएपनि दीर्घकालमा भने यसको सकारात्मक प्रभावबारे सहजै अनुमान गर्न सकिन्छ। अवैध रकम अर्थात् भ्रष्टाचार, ठगी, कमीशनबाट प्राप्त रकमका कारण समाजमा धनी र गरिब बीचको दुरी बढाएको छ। अवैध रकमले समाजमा अपराधीकरण समेत बढाएको छ र समाजलाई असन्तुलित बनाएको छ। अवैध रकम बजारमा सोझै लगानी गर्न नसकिने र सो अवैध रकम भ्रष्टाचारीको घरमा थुप्रिने भएपछि बजारमा नोटको अभाव देखिन्छ। अहिलेको घटनाक्रमले यसलाई प्रष्ट पारेको छ। यति मात्र नभई यो अवैध धन (कालो धन) कालो बजारमा घुमी रहेको छ। कालो धन हुण्डीमार्फत विदेशी बैंकमा जम्मा हुने र विदेशबाट सुन लगायतका अवैध सामानहरु तस्करीबाट नेपाल भित्रिने गरेको छ। जसले अवैध व्यापारलाई बढावा दिएको छ। यसले कर छली, भन्सार छली जस्ता कार्य भइरहेको छ। अवैध व्यापार र कारोबार बढ्दा व्यवसायीहरु उत्पादनतर्फ उन्मुख नभएर व्यापारतर्फ बढि आकर्षित देखिन्छ। कारण अवैध कारोबार बढि नाफामूलक हुने गरेको छ।

यसअघि वि.सं. २०७५ सालमा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले भ्रष्टाचार नियन्त्रण गर्न पाँच सय र एक हजारका नोटबन्द गरी एक सय रुपैयाँ दरका नोट मात्र चलन चल्तीमा ल्याउनुपर्ने बताएका थिए। त्यसको दुई वर्षपछि २०७८ चैत ४ गते नागरिक लगानी कोषको ३२औं वार्षिकोत्सव समारोहमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले पनि नोटबन्दी गर्नुपर्नेतर्फ संकेत गरेका थिए। अर्थमन्त्री शर्माले पैसा कता हरायो भनेर खोजिरहेको र सिरानीमुनि रहेको पैसा बैंकिङ प्रणालीमा ल्याउन आफूले काम गर्ने बताएका थिए। उनको यो भनाईले त्यो बेला ठूलो चर्चा भएको थियो। यस्तै, चार वर्षअघि कांग्रेसको महासमिति बैठकमा नै नेता अर्जुनरसिंह केसीले ५ सय र हजार रुपैयाँका नोट प्रतिबन्ध गर्नुपर्ने भनेका थिए। उनले मुलुकमा भ्रष्टाचार बढिरहेको अवस्थामा मुद्रालाई कालोधनको माध्यम बन्न नदिन विमुद्रीकरण गर्नुपर्ने बताएका थिए। ठूला दरका नोट प्रतिबन्ध लगाउनुपर्ने उनीमात्र नभएर पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, अर्थमन्त्री रामेश्वर खनाललगायत धेरैले ठूला नोटमाथि प्रतिबन्ध लगाउनुपर्ने आवाज उठाउँदै आएका छन्। तर अहिलेसम्म कसैले पनि हिम्मत गर्न सकेको छैन्।

दुईवर्ष अघि एक कार्यक्रममा अर्थमन्त्री रामेश्वर खनालले पनि डिजिटल भुक्तानी बढिरहेको अवस्थामा एक हजार रुपैयाँका नोट आवश्यक नरहेको बताएका थिए। उनले एक हजार रुपैयाँका नोट गलत र आपराधिक कार्यका लागि प्रयोग गर्ने क्रम बढेको भन्दै त्यसलाई प्रतिबन्ध गर्नुपर्ने बताएका थिए। तर उनले ५०० सयका नोट भन्ने बन्द नगर्नुपर्ने बताएका थिए। त्यस्तै, केही वर्षअघि राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले भनेका थिए, 'कुनै कुनै भ्रष्टाचारीलाई पैसा बुझाउन जाँदा टिपरमा नोटका बोरा लगेर खाल्टोमा खन्याएर फर्किएका छन् भन्ने मैले सुनेको छु। भ्रष्टाचारको डिग्री यति ठूलो रहेछ। यसमा स्वाभाविक रुपमा ५-१० का नोट नभएर ५ सय र हजारकै होलान्। त्यसकारण भ्रष्टाचारलाई ठूला नोटले सहयोग गरेको साबित हुन्छ।' उनले सरकारले उपयुक्त विकल्प दिएर ठूला नोटहरूमा प्रतिबन्ध लगाउन सके सुशासनलाई सहयोग पुग्ने बताएका थिए।

समस्या :

अनौपचारिक क्षेत्र तथा ग्रामीण अर्थतन्त्रमा नोटबन्दीले ल्याउने सुरुवाती झट्का तथा त्यसबाट सिर्जना हुने जटिलताले आममानिसमा अर्थतन्त्रप्रतिको अविश्वास लामो समयसम्म रहन सक्छ। जसकारण आउने दिनमा सरकारले ल्याउने आर्थिक नीतिहरू तथा औपचारिक वित्तीय प्रणालीप्रति मानिसमा आशंका बढ्न सक्छ।

नेपाल विकासशील मुलुक भएकोले यहाँ डिजिटल डिभाइड ठूलो चुनौती बन्दै गएको छ। स्मार्टफोनको उपलब्धता, इन्टरनेटमा पहुँच र डिजिटल साक्षरता नभएका समुदायको संख्या धेरै ठूलो रहेको छ। एकाएक भएका नीतिगत हेरफेरले उनीहरू अझै पछाडि पर्न सक्छन्। सामाजिक-आर्थिक रूपमा कमजोर जनसमूह थप सीमान्तकृत हुन पुग्ने सम्भावना रहन्छ। यसरी हेर्दा नोटबन्दी आफैंमा सही वा खराबभन्दा पनि नेपालको वर्तमान अवस्थामा त्यसको सान्दर्भिकता के कति हुन सकिन्छ भन्नेबारे गम्भिर भएर विचार गर्नुपर्ने हुन्छ।

नेपालमा नोटको अवस्था

नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवती प्रसाद नेपालले असोज १३ मा दिएको जानकारी अनुसार ६ खर्ब ५७ अर्ब नोट चलन चल्ती (नोट सर्कुलेसन) मा रहेको बताएका छन्। उनले तीन अर्ब थप माग आएकोले त्यो पनि पठाइने छ। जस अनुसार अहिले नेपालमा ६ खर्ब ६० अर्ब नोट चलन चल्तीमा रहेको छ।

केन्द्रीय बैंकका अनुसार हरेक वर्ष ४० देखि ५० अर्ब हाराहारीमा झुत्रा नोटहरू नष्ट गरिन्छ र सोही अनुसारको नयाँ नोट राष्ट्र बैंकले पुनः छपाउने प्रक्रिया निरन्तर चलिरहन्छ। कार्यकारी निर्देशक नेपालका अनुसार यसरी नोट छपाइका लागि हरेक वर्ष औसतमा करिब साढे २ अर्ब खर्च हुने गरेको छ।

राष्ट्र बैंकका अधिकारीहरुका अनुसार नेपालमा ठूला नोट (रु. ५०० र १०००) को आयु ४ वर्ष हाराहारी हुने गरेको छ भने कुनै औपचारिक अध्ययन नभए पनि साना दरको नोटको औसत आयु भने दुईदेखि साढे २ वर्ष मात्र हुन्छ।

कार्यकारी निर्देशक नेपालका अनुसार ५०० दरको नोट छपाउन प्रतिनोट औसतमा ६ रुपैयाँ ६८ पैसा शुल्क लाग्ने गरेको छ भने १ हजार दरका नोटको छपाई शुल्क भने प्रतिवटा औसतमा ३ रुपैयाँ ३७ पैसा लाग्ने गरेको छ। उनका अनुसार ५०० रुपैयाँ दरको नोटमा अतिरिक्त सुरक्षा विशेषताका कारण छपाइ खर्च बढी लाग्ने गरेको हो। त्यस्तै, १० रुपैयाँ दरका प्रतिनोट छपाईमा सबभन्दा कम १ रुपैयाँ ४० पैसा, ५ रुपैयाँ दरको नोटमा एउटाको छपाई खर्च औसतमा १ रुपैयाँ ६८ पैसा खर्च हुन्छ भने २० रुपैयाँ दरको नोट छपाइमा प्रतिनोट १ रुपैयाँ ७३ पैसा, ५० रुपैयाँ दरको नाटे छपाईमा २ रुपैयाँ ६७ पैसा र १०० रुपैयाँ दरको नोट छपाईमा २ रुपैयाँ ९९ पैसा लागत लाग्ने गरेको छ।

बैंकिङ प्रणालीमा कुल ७३ खर्बभन्दा बढि रुपैयाँ भए पनि यो सबै नोटको रूपमा नभएको राष्ट्र बैंकले स्पष्ट पारेको छ। यसरी प्रण ालीमा कुल निक्षेपको ११.९० प्रतिशत मात्रै नोटको रुपमा रहेको छ। बाँकी ६२ खर्ब ५७ अर्ब रुपैयाँ अभौतिक रुपमा बैंकिङ प्रणालीले सुरक्षित गरेका छन्।

अन्त्यमा,

सरकारले ठूला नोट प्रतिबन्ध लगाउन बोल्ड निर्णय गर्नुपर्ने हुन्छ। अहिले डिजिटल भुक्तानी समेत बढिरहेको अवस्थामा सरकारले यस्तो निर्णय गर्न सकेमा त्यसले राज्यलाई सुशासनमा डोराउन सहयोग पुग्ने विज्ञहरूको धारणा रहेको छ।

नोटबन्दीका लागि केन्द्रीय बैंकका रूपमा रहेको नेपाल राष्ट्र बैंकले विभिन्न क्षेत्रमा पूर्वतयारी गर्नुपर्ने हुन्छ। आवश्यक मात्रामा नयाँ मुद्रा उत्पादन गर्नुपर्छ, सुरक्षित भण्डारण र सहज वितरणको प्रबन्ध गर्नुपर्छ। डिजिटल संरचनाको थप सुदृढीकरण गर्दै मोबाइल बैंकिङको क्षमतामा वृद्धि गर्दै डिजिटल भुक्तानीबारे आम सचेतनाका लागि आवश्यक प्रशिक्षण समेत दिनुपर्छ। आपतकालीन क्षेत्रका लागि विदेशी बैंकहरूसँग समन्वय, विनिमय सीमा निर्धारण हुनुपर्छ।

नोटबन्दी सफल बनाउनका लागि राष्ट्र बैंकले गम्भीरतापूर्वक पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको आर्थिक क्षेत्रका विज्ञहरुको जोड रहेको छ। विज्ञहरुका अनुसार नोटबन्दी हल्ला गरेर गर्ने विषय होइन्। त्यसका लागि ठूलो राजनीतिक इच्छाशक्ति र गोप्य मौद्रिक योजनाहरु आवश्यक पर्छ। तर नेपालमा हल्ला नगरी केही पनि नहुँदो रहेछ।

धन्यवाद।

*(लेखक सिंह, राष्ट्रिय पिछडावर्ग ९इद्यक्ष्र० महासंघका अध्यक्ष हुन्। Email: kausal101@gmail.com)*

# समसामायिक राजनीतिक परिस्थिति एवं प्रस्तावसहितको विशेष राजनीतिक प्रतिवेदन

सर्वप्रथम, वीर सहिदहरू, पूर्खाहरूको महानता, र विवेकी अगुवाहरूको योगदानलाई श्रद्धापूर्वक स्मरण गर्दै,

अहिलेको जेन-जी ऐतिहासिक क्रान्तिमा शहादत प्राप्त गरेका सबैलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ। शोकसंतप्त परिजनामा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरू छिटो स्वस्थ हुन् भन्ने कामना कामना गर्दछौं हामि यो विद्रोहमा युवा पुस्ताले देखाएको नेतृत्व र साहसलाई सम्मान गर्नुपर्दछ। भ्रष्टाचार, अन्याय र कुशासन विरुद्धको यो संघर्ष नेपालको भविष्यका लागि अत्यावश्यक थियो र छ।

सो आन्दोलनमा राज्यद्वारा भाद्र २३ गते कलिला बालबालिका माथि गरिएको नरसंहार र जेन-जी को नाममा २४ गते प्रायोजित ढंगले भएको सार्वजनिक एतिहासिक धरोहर एवं सम्पति तथा निजि सम्पति उपरको आगजनी लुटपाट दुवै जंगली, अराजक एवं अलोकतान्त्रिक क्रियाकलाप हो पार्टी यसको घोर भ्रत्सना गर्दछ। राष्ट्रिय मुक्ति पार्टी नेपालको यस ऐतिहासिक बैठकमा प्रस्तुत यो राजनीतिक प्रतिवेदन देशको वर्तमान परिस्थिति, युगीन संक्रमण र आगामी दिशाबारे स्पष्ट दृष्टिकोण प्रस्तुत गर्न तयार गरिएको हो।

आदरणिय साथिहरू,

पार्टीद्वारा औपनिवेशिक युगको अन्त्य गरी वास्तविक मुक्ति हासिल गर्न अभियान थालेको धेरै दिन भएको छैन। २०८० फागुन १४ बाट राष्ट्रिय मुक्ति अभियान थालेको र २०८१ माघ ८ गते बाट निर्वाचन आयोगमा दर्ता भइ आफ्नो वैचारिक दृढता, रणनीतिक स्पष्टता र कार्यनीतिक लचकताको बलमा अगाडी बढेको भर्खर ८ महिना बित्दै छ। समकालीन पार्टी मध्ये अहिले सबैभन्दा कान्छो पार्टी राष्ट्रिय मुक्ति पार्टी नेपाल नै हो तर सानो समयमै राष्ट्रिय राजनीतिमा वैचारिकरुपमा प्रभाव पार्ने अवस्था सिर्जना गरेको छ। जेन-जी सेप्टेम्बर क्रान्ति पछीको यो पहिलो बैठक आगामी कार्यनीति एवं कार्यक्रम निर्धारणका लागि ऐतिहासिक र महत्त्वपूर्ण रहेको छ।

१. वैश्विक परिदृश्य - अनिश्चितता एवं संक्रमण

आजको विश्व एक युग-द्वारमा उभिएको छ - जहाँ आधुनिक क्वान्टम विज्ञानको तीव्र प्रगति, मौजूदा राजनीतिक तथा वैचारिक असफलता, अराजकता र अस्थिरता, पर्यावरणीय संकट, र पहिचानका आधारमा बढ्दै गएको सामाजिक विभाजन यी सबैले गर्दा "अनिश्चितताको भुमरी" (Vortex of Uncertainty) सिर्जना गरिरहेका छन्।

जात-वंश, लिङ्ग-पुरुष, बुद्धि-मेरिट र पुस्ता-परिपक्वता आदिका नाममा सत्ता र पूँजीको केन्द्रिकरणले लोकतन्त्रलाई "प्रदर्शन प्रणाली" मात्र बनाइदिएको छ। कृत्रिम बुद्धिमत्ता र जैव-प्रविधिको युगमा मानिस आफैं आफ्नै बनाएको प्रणालीको "विषय" (object) बनिसकेको छ। यसरी प्रविधिमा आएको परिवर्तन मौजुदा राजनीतिक विचार, राज्य संरचना एवं प्रणालीले पछ्याउन सकेको छैन।

यसै कारण फ्रान्सको येलो भेस्ट आन्दोलनदेखि बेरूत, हङकङ, न्यूयोर्क, चिली, क्याटालोनिया र नेपालका सडकसम्म, जनता असन्तुष्ट र आक्रोशित छन्। अधिनायकवाद, आन्तरिक उपनिवेशवाद र असमान विकासविरुद्ध नयाँ लोकतान्त्रिक लहर उठिरहेको छ। तर यो लहर अझै स्थिर हुन सकेको छैन। आन्दोलनहरू भइरहेका छन्, तर सेटलमेन्ट वा समाधान हुन सकेको छैन।

सन् २०१९ मा चिलीमा मेट्रो भाडा ३० पेसो ( केवल ०.०४ अमेरिकी डलर) बढ्दा सुरु भएको विरोध देशव्यापी विद्रोहमा परिणत भयो, जसले अन्तत: संविधान संशोधन गर्न सरकारले बाध्य बनायो। यसले के देखाउँछ भने - असमानता केवल आर्थिक होइन, भावनात्मक पनि हो। अरब स्प्रिङ (२०११) ट्युनिसियामा एक फल बेच्ने युवकको आत्मदाहबाट सुरु भएको विद्रोह थियो, जसले मिस्र, लिबिया, सिरिया र यमनसम्म फैलियो। तर त्यसको परिणाम नयाँ स्वतन्त्रता होइन, नयाँ अराजकता र गृहयुद्ध बन्यो।

२०१८ देखि २०२५ बीच विश्वका विभिन्न भागमा क्रमश: आन्दोलनहरू भड्किए - सूडान, लेबनान, इराक (२०१८ देखि २०२२ सम्म), कजाखस्तान र श्रीलंका (२०२२ मा), जर्जिया विरोध (२०२३-२०२४ मा), बङ्गलादेश क्रान्ति ( २०२४ जुलाई मा), केन्या न्भल-श विद्रोह ( २०२४ मा), नेपाल न्भल-श क्रान्ति (सेप्टेम्बर २०२५ मा), मेडागास्कर, मोरोक्को, फिलिपिन्स, इन्डोनेसिया लगायत दुइ दर्जन भन्दा बढी क्रान्तिहरु भए। यी सबै घटनाहरूले देखाउँछन् - विश्व एकै साथ उबलिरहेको छ। तर त्यो उम्लाइमा दिशा छैन, दर्शन छैन। विद्वानहरू भन्छन् अब गत दुई दशकको "लोकतान्त्रिक मन्दी" (Democratic Recession) उल्ट्याउने समय आएको छ। तर अन्योलताको प्रश्न फेरी उठ्छ कि मौजुदा राजनीतिक विचार, राज्य संरचना एवं प्रणाली संग यसको उत्तर नै छैन ।

आधुनिकताले मानिसलाई प्रकृतिबाट अलग गर्‍यो, कोराना लगायत अतिवृष्टि-अनावृष्टि, पहिरो-सुनामी, भूकम्प मार्फत प्रकृतिले चेतावनी दियो। "उन्नति" को अवधारणा अब विनाशसँग जोडिएको छ, विकासका नाममा जंगलको संहार, र मूल्य-शून्यताको बिनास गरिएको छ। यही मूल्य-संकटले सभ्यताको जरालाई खोक्रो बनाइरहेको छ। पूँजीवाद, साम्यवाद, समाजवाद र उपभोक्तावादको गठबन्धनले हरेक सम्बन्धलाई व्यापार र लेनदेनमा रूपान्तरण गरिदिएको छ।

आजको अस्थिरता केवल राजनीतिक वा आर्थिक मात्रै होइन, वैचारिक र अस्तित्वगत हो। सिद्धान्तहरू जर्जर छन्, दर्शनहरू दिशाहीन छन्, र विज्ञान नै अर्थ-संकटमा छ। पश्चिमी उपभोक्तावादबाट मानवता असन्तुष्ट छ, तर पूर्वीय वा स्वदेशीय मूल्यहरूबाट पनि विच्छेदित भएका छन्। यसैको नतिजा हो "अनिश्चयको भुमरी" । अहिले भएका क्रान्तिहरु अँध्यारो कोठरीमा स्वर्णिम आकंक्षामा केही खोज्दैछन, अँध्यारो भएकोले क्षति बढ्ता छन् तर उपयुक्त दिशाको अभावमा आक्रोश र भ्रमतिर अघि बढ्दैछन । यहिँ अनिश्चितता एवं भ्रमबाट मुक्तिको निम्ति नै हामीले राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशालाई अगाडी बढाएका हौं ।

आदरणीय सहकर्मी मित्रहरू,

तर यी सबै आन्दोलनका केहि विशेषताहरू छन्

(१) नयाँ प्रविधि अर्थात सामाजिक सञ्जालद्वारा सञ्चालित आन्दोलनको रुपमा:

अरब स्प्रिङ (२०११) मा Facebook र Twitter निर्णायक बने भने नेपाल (२०२५) मा TikTok, Instagram र WhatsApp मुख्य उपकरण बने। यो कुनै पार्टी वा नेताको नियन्त्रणमा नभएको "नेटवर्क चेतना" हो।

(२) स्वतन्त्रतामा आधारित बाट वर्गमा आधारित र वर्गमा आधारितबाट पहिचानमा आधारित आन्दोलनतर्फ सर्ने प्रवृत्ति:

जस्तै - पहिलो फेजमा व्यक्तिगत स्वतन्त्रता अर्थात सामन्तवाद विरुद्ध प्रजातन्त्र-लोकतन्त्रका संघर्षहरु भए, दोस्रो फेजमा मजदुर, किसान र बुद्धिजीवी अगुवाई गर्थे, अहिले स्वाभिमानमा आधारित संघर्षहरु हुदैछन जहाँ राज्यसंगको भावनात्मक सम्बन्धहरु प्रमुख रहेका छन। चिलीमा गरिबहरु होइन मध्यम वर्गका मान्छेहरु सडकमा आए। अहिले अपनत्व महसुस नगरेकाहरु जस्तै महिला, LGBTQ±(लैंगिक अल्पसंख्यक), आदिवासी, दलित, युवा र विद्यार्थीहरू अगाडि छन्।

(३) हथियारविहीन क्रान्ति - चेतनाको क्रान्ति:

आजको क्रान्ति बन्दुकबाट होइन, संवेदना, चेतना र संस्कृति बाट चल्दछ। लाटिन अमेरिकाको बोलिभिया, पेरू, भेनेजुएलामा स्वदेशी चेतनामा आधारित आन्दोलनहरु भए। अफ्रिकामा फ्रान्सीसी प्रभावविरुद्ध नाइजर, माली, बुर्किना फासोमा सैन्य विद्रोह र नागरिक आन्दोलनहरु भए।

एशियाको म्यान्मार र थाइल्याण्ड र नेपालमा युवाहरूको लोकतान्त्रिक विद्रोह, प्रत्यक्ष लोकतन्त्रको खोजले यी सबैको पुष्टि गर्दछ।

यसले फेरी पुष्टि हुन्छ कि २१औं शताब्दी औपनिवेशिकताविरुद्धको शताब्दी हो। अहिले राष्ट्रिय मुक्ति क्रान्तिको विश्वव्यापी चौथो लहर चलिरहेको छ। संयुक्त राष्ट्रसंघद्वारा २००७ मा पारित "स्वदेशी जनताको अधिकारसम्बन्धी घोषणापत्र" ले स्वशासन, भूमि अधिकार र सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय मान्यता दिए देखि यो प्रारम्भ भएको छ। नेपालमा मधेश आन्दोलन, आदिवासी-जनजाति र दलित आन्दोलनका बलिदानहरू यसको स्थानीय अभिव्यक्ति हुन्। अब नेपालमा पनि अधुरा रहन गएका उपरोक्त सबै आन्दोलन एवं व्यर्थ पारिएका वलिदानलाई सार्थक बनाउन नै एकीकृत भइ औपनिवेशिकताविरुद्धको मुक्तिको क्रान्तिमा होमिनु एतिहासिक दाइत्व हो ।

२. समकालीन राजनीतिक अवस्था र कारण

भ्रष्टाचार, कुशासन, र असमानताले थिचिएको हाम्रो देशमा समुलमै प्रहार हुनेगरी परिवर्तनको बिगुल फुकेर नयाँ युगको सुरुवात "सेप्टेम्बर जेन-जी नेपाल क्रान्ति"ले गरेको छ। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र ओली एवं शासकहरूको अहंकारले यो विद्रोहको ट्रिगर पोइन्ट बने पनि, यसको पछाडि लामो समयदेखि संचित असन्तुष्टिको पहाड छ- संविधान निर्माणमा मधेश र आदीवासी जनजातिको किनारीकरण, दुईतिहाइ कम्युनिस्ट सरकारको असफलता, पहिला भ्रष्टाचार गर्ने अनि ति काण्डहरु लुकाउन अनेक प्रपन्च गर्न, आर्थिक संकट, खोला तथा सडक मापदण्ड, सहकारी ठगीपीडित, मुक्कुमलुंग लगायत संघर्ष र बारम्बारका अनैतिक सत्ता समीकरणजस्ता कुराहरूले जनताको धैर्यको बाध तोडिएको हो। हाल नेपालमा उत्पन्न गम्भीर राजनीतिक संकट हुनुको पछाडी अनेक कारणहरु छन।

१) मुख्य पुराना दलहरु कांग्रेस, एमाले, माओवादी केन्द्र बीचको पालैपालो सत्ता लगायतमा साझेदारी र सत्ताको बंडबखेड तथा देउवा-प्रचण्ड-ओली बीचको म्युजिकल चेयरले ति दल भित्रै भाग नपाएकाहरुको भाडभैलो तथा हायर-रयांकमा नयाँ पुस्ताको तत्कालिन जिरो सम्भावनाले परिस्थिति आएको हो।

२) वर्गीय अन्तरद्वन्द्व र व्यक्तिगत स्वतन्त्रताको आधारमा खोलिएका पार्टीहरु पहिचान विरोधी भए र संसद् पार्टीगत स्वार्थको कारण औपनिवेशिक सिद्धान्त र सत्ताको अखाडा बन्यो, न्यायलय एवं संबैधानिक अंगहरु राजनैतिक भर्ति केन्द्र भए। बिधि एवं प्रशासन सत्ताधारी दलीय स्वार्थमा हिन्न थाले। सत्ताधारी बाहेकका दल एवं दलबिहिनहरुलाइ दोस्रो दर्जाको नागरिक बनाएकोले यो परिस्थिति उत्पन्न हुनु स्वाभाविकै थियो।

३) यहाँका शासकले आफ्नो बाहेक सबै सँस्कृतिलाई सिध्याउन्ने प्रयास गरे, असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे। र एउटा मात्र भाषा, संस्कृति र पहिचानलाई राष्ट्रियताको पर्याय बनाउने उनीहरूको पुरानो मानसिकताको निरन्तरता स्वरूप २०७२ को संविधानले मधेशी, आदिवासी, जनजाति र दलितको आकांक्षालाई पूरा नगरी एकल नस्लीय/जातीय-पारिवारिक सत्ता कब्जाको परिस्थितिबाट असन्तुष्ट एवं आन्दोलित भइरहेको कारणले यो संकट पैदा भएको हो।

४) २०७२ को संबिधानमा उपलब्धि भनिएका गणतन्त्र, संघियता, धर्मनिरपेक्षता, समावेशितालाइ यति विकृत एवं कुरूप बनाएर प्रस्तुत गरियो कि यसले झन् नागरिकलाइ राज्यबाट सम्बन्ध विच्छेद गराइदियो। राजतन्त्र भन्दा नि एक कदम अगाडी बढेर 'नेपोकिड्स' संस्कृति हावी भयो, वडा देखि राष्ट्रपति सम्मै सबैले शक्तिको दुरुपयोग गर्न थाले। संघियतामा सिमांकन र नामांकन संस्कृतिमा आधारित हुनुपर्थ्यो, सार्वभौमसत्ताको बाडफाड हुनुपर्थ्यो, स्थानीय सरकार समुदायिकतामा आधारित हुनुपर्थ्यो तर त्यसो नगरेर प्रदेश सरकारहरू केन्द्रमा निर्भर बनाइयो, र संघीयताप्रति जनतामा गहिरो निराशा फैलाइयो; स्थानीय देखि प्रदेश सम्मका सरकार गलगाड़ जस्तो बनाएर झन् नागरिक टाढीयो। मानिस जब आफ्नो सत्वबाट अलग हुन्छ तब अराजक हुन्छ नै।

५) भर्खरै चर्चित रहेको भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको देखिए पनि सत्तारुढ शिर्षस्त नेताहरुलाई खुलमखुल्ला बचाएको, सहकारी काण्डको सन्दर्भमा पनि, ठूला सहकारी संस्थाद्वारा खरबौं रुपैयाँ अपचलन भए पनि दोषीमाथि कठोर कारबाही गर्नु सट्टा सत्तारूढ-नजिकका व्यक्तिहरूलाई उन्मुक्ति दिने काम गरियो। गिरीबन्धु, वाइडबडी, ललिता निवास, सुनकाण्ड, जस्ता ठूला भ्रष्टाचार प्रकरणहरूमा समेत मिलोमतो गरी उन्मुक्तिको प्रवृत्ति हाबी देखियो, जस्तो सरकार ठुलाठुला भ्रष्टाचार लुकाउन र थप ब्रह्मलुट गर्नको निम्ति मात्र गठन भएको होस् ।

यी सबै बेथिति विरुद्ध तथा हरेक प्रकारको विभेदको अन्त्य, सभ्यता अनुकुल शासन पद्दती र सुशासन एवं समृद्धिको निम्ति भनेरै गतवर्ष देखि राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गरी हामि संघर्षरत छौं। त्यसैले यस एतिहासिक जेन-जी क्रान्तिमा पनि हाम्रो पूर्ण समर्थन सहयोग र सहभागिता रहन गयो। पार्टीका नेताहरु सहभागी एवं अगुवाई गरेकै हो। यद्दपी यो विद्रोहको नेतृत्वकर्ताको श्रेय पाउन हकदार भने पूरा का पूरा 'जेन-जी पुस्ता' नै हो। 'जेन जी' पुस्ताले आफ्नो अहिलेसम्मको जीवनमा नेतृत्व, राज्य र सरकारबाट भ्रष्टाचार बाहेक केही सुन्न र कुशासन बाहेक केही भोग्न पाएको थिएन। यी संस्थालाई उनीहरू भ्रष्टाचार र कुशसानको प्रतिक मानेर नै भत्काउन पुगेका हुन्। विभेद, अन्याय एवं भ्रष्टाचारका प्रतिकहरु उपर यो क्रान्तिले अन्तिम प्रहार गर्यो, भत्किने गरी प्रहार गर्यो तर उपयुक्त विकल्प नभएर नै अन्यौलता सृजना हुदै गएको छ। त्यसले हामि भनिरहेका थियौं "विचार सहितको विकल्प र विकल्प सहितको विद्रोह"।




**राजेन्द्र महतो**
**अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल**

३. परिवर्तनका संवाहक युवापुस्ता

आजसम्म संसारमा जहा पनि परिवर्तन भएको छ, युवा पुस्ताले नै गरेर सम्भव भएको हो । तर विडम्बना हरेक क्रान्ति पश्चात ति युवाहरुलाई बिर्सने गरिएको यथार्थ हो। यस पटक चाहिँ युवाको पहिचानमा नै क्रान्ति भएको छ। तर अपसोच क्रान्ति लगतै बनेको सरकारमा उक्त छवी देखिएन, सिवाय मतदानको उमेर हद घटाउने बाहेक। उमेरहदकै कारण अवकासप्राप्त पुर्व प्रधानन्याधिस नै केहि जेन-जी प्रतिनिधिको रोजाई हुन् गयो। यद्दपी यसले कुनै एक पुस्ता मात्रै सहि वा गलत भन्ने भाष्यलाई मथ्थर गर्यो, देश सबै पुस्ता मिलेर बनाउनुपर्छ भन्ने राम्रो संदेश दियो तर जेन-जी पुस्ता विहिन सरकारको संरचना भने उदेक लाग्दो छ।

हुन् त कुन पुस्ताले के गर्ने भनेर हाम्रो पूर्वीय सभ्यता एवं दर्शनहरुले स्पष्ट नै भनेको छ। मानव जीवनको वास्तविकतालाई आत्मसात् गर्दै ज्ञान, कर्तव्य, त्याग र अध्यात्मका आधारमा जीवनका चार अवस्थालाई चार आश्रम - "ब्रम्ह्मचर्य", "गृहस्थ", "वानप्रस्थ" र "संयास " का रूपमा व्यवस्थित गरिएको छ। यो निर्विवाद छ कि - देश त सबै चारवटै पुस्ताले मिलेर बनाउनु पर्दछ तर मुख्य दाइत्व सक्रिय उमेर समुहको नै हो। हुन् त वानप्रस्त एवं संयासको अर्थ निस्कृय हुनु होइन तर कुन भूमिकामा सक्रिय हुने चाहिँ मुख्य बिषय हुनुपर्दछ।

देश बनाउन उमेरको पुस्तान्तरण भन्दा पनि विचारको पुस्तान्तरण मुख्य हो। जुनसुकै उमेरका पुस्ता भएपनि फेजआउट भइसकेका औपनिवेशिक पश्चिमा विचार वोक्ने, आजको युगमा पनि एकल नश्लीय-जातीय-वंशीय विचार वोक्ने झन् खतरनाक हो। तसर्थ अग्रगामी विचार सहितको सक्रिय पुस्ताबाटै मुलुक बन्ने हो ।

नेपालमा लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास, र समाजवादका नाममा उठाइएका बहसहरू सम्भ्रान्त वर्गको झूट, फरेब, र जनतालाई झुक्याउने प्रपञ्च सावित भए। समाजमा एकता र समता सुनिश्चित गर्न नसक्नु नै देशका समस्याहरूको मूल जड हो। विभेदको उन्मुलन तथा सुशासन अहिलेको राजनैतिक विचार एवं सत्ता संरचनाबाट सम्भव नै छैन । दलित एवं मधेशको नागरिक विरुद्ध जंगली सामन्ती संस्कार झैं ओली डक्ट्रिन( घिर्णा भाष्य) को प्रभावबाट मुक्त अहिलेको पुस्ता रहनु पर्छ। लामो समय देखि हाम्रो देशमा निश्चित समुदाय/जाति लक्षियत नेक्रोपोल्टिक्स(घिर्णा भाव फैलाउने, निश्चित जाति/समुदायलाई पोसाक-संस्कृति आदीको आधारमा दोस्रो दर्जाको नागरिक वा विदेशी हो, असभ्य हो भन्ने भाष्य स्थापित गर्ने, बिभिन्न झुट्टा एवं मनगढ़ंत आरोपमा तेजोवध गर्ने) कार्य हुदै आएको छ। तसर्थ केपी ओली व्यक्ति भन्दा पनि हजारौं गुणा खतरनाक उनले स्थापित गरेको 'जंगली घिर्णा भाव ब्यापार' हो, अब यसको अन्त्य गरिनुपर्छ।

राज्यको नितिमा, गतिविधिमा पुस्तान्तरण नभएर पनि जेन-जी पुस्ता निश्चित रुपमा असन्तुष्ट भएको हो तर पुस्तान्तरणले मात्रै यावत समस्याहरु हल हुनै सक्तैन मुख्य समस्या भनेकै विचारान्तरणको समस्या हो। फेजआउट भैसकेको औपनिवेशिक साम्यवाद र उदारवाद विचारले पैदा गरेको यावत समस्याहरु हुन् तसर्थ यी विचार बोक्नेहरु युवा होस् कि वृद्धा केहि फरक पर्नेवाला छैन। यसअर्थमा हामी भ्रममुक्त हुनैपर्छ कांग्रेस-कम्युनिष्टका युवा नेतृत्व आएपनि तात्विक रुपमा कुनै फरक पर्नेवाला छैन।

हुन् त अहिले "अनिश्चितता र भ्रमको अवस्था" छ। यो अवस्थाले हाम्रो समाज र राष्ट्रमा गहिरो असर पुऱ्याउँदैछ। यसले नेपाली समाज भित्र ठूलो विचलनको स्थिति पैदा भएको छ। हामीले अनुभव गर्यौं यथास्थितिमा रहेको लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, र समृद्धिको नाममा केवल एकल वर्ण, वर्ग र समूह एवं तिनको परिवारको सेवा गरिरहेको छ। यसले उत्पीडित, उपेक्षित, र बहिष्कृतहरूलाई परिधिमा थप धकेल्ने काम गरिरहे। सामाजिक, सांस्कृतिक, राजनीतिक, र आर्थिक क्षेत्रहरूमा देखिएका चुनौतीहरूप्रति अब हाम्रो दृष्टिकोण केवल प्रतिक्रियात्मक मात्र होइन बरु अवसर खोज्ने र समाधान प्रस्तुत गर्ने खालको हुनुपर्छ। यसका लागि अब नयाँ सोच, वैकल्पिक दृष्टिकोण र रणनीतिक कदमहरू आवश्यक छन्।

तसर्थ अब अहिलेको संरचना, चेतना र समाजको पुनर्निर्माणको समय हो। मौजुदा औपनिवेशिक, जातिवादी, पूँजीवादी र उपभोक्तावादी संरचनाले राष्ट्रको राजनीतिलाई मात्र होइन, समाजको आत्मालाई पनि विकृत बनाएको छ। त्यसैले, जेन-Z क्रान्तिको उपलब्धि सम्पुर्ण रूपान्तरणको निम्ति हुनुपर्दछ। यदि पुरानै एकल नश्लीय शक्ति संरचनालाई नै यथावत राखिराख्ने हो भने यत्रो आन्दोलन व्यर्थ जानेछ। तर त्यस दिशामा अहिलेको कोर्स अगाडी बढेको देखिएको छैन स्वाभाविक हो निश्चित कुनै शक्तिले भन्दापनि एउटा पुस्ताकै विद्रोह र निश्चित कुनै एजेन्डा भन्दापनि मौजुदा हरेक वेथिति, अन्याय विरुद्धको विद्रोह भएको हुँदा सहि दिशामा कोर्स अगाडी बढ्ने कुरामा अन्यौलता छ, यस अवस्थामा परिस्थितिको सहि मुल्यांकन र अग्रगामी दिशा सुझाउनु हाम्रो परम कर्तब्य हो।

४. कार्की सरकारको नीति र कार्यप्रवृत्तिको समसामयिक विश्लेषण

कुनै पनि देशको संविधानमा जनविद्रोह, आन्दोलन र क्रान्तिपछि के गर्ने भन्ने विषयमा कल्पना गरिएको वा धारा, उपधारामा लेखिएको हुँदैन । क्रान्ति पश्चात अन्तरिम संबिधान नबनाएर क्रान्ति चुक्यो । असंगठित जेन-जी अगुवा भएकै कारण अन्तरिम संबिधान बनेन । तर फेरी पनि क्रान्ति पश्चात बन्न गएको यो सरकारलाई अबैधानिक भन्न मिल्दैन । अन्तरिम सरकार जुन प्रकारको परिस्थितिको दबाब र कार्यभारको चाङभित्र छ, यसले पाएको ६ महिनाको समय निक्कै छोटोजस्तो लाग्छ । तर सरकारको ब्यबहार विद्रोह पछी बनेको सरकार जस्तो देखिएको छैन। दर्जनौं शहादत, ब्यापक धनजन क्षतिको मूल्यमा जेन-जी पुस्ताको आन्दोलनपछि गठित नयाँ सरकारलाई देशको गहिरो संवैधानिक, आर्थिक र सांस्कृतिक संकटलाई समाधान प्रारम्भ गर्ने ऐतिहासिक जिम्मेवारी एवं अवसर छ। बलिदान र त्यागले सिर्जना गरेको यो अवसर केवल सत्ता परिवर्तन मात्रको लागि होइन, सम्पूर्ण संरचनागत रूपान्तरणको लागि हो। केवल सत्ता हस्तान्तरणले सुशासन, सदभाव एवं समृद्धिको अपेक्षा पुरा गर्न सकिदैन। हामी स्पष्ट छौँ पुरानो भ्रष्ट प्रणालीको पूर्ण उन्मूलन र नेपाल सबै नेपालीको निम्ति सुनिश्चित गर्ने एक नयाँ, न्यायपूर्ण, साझा एवं समृद्ध नेपालको निर्माण आवश्यक छ। तसर्थ, प्रधानमन्त्री कार्कीको सरकारसँग निश्पक्षता एवं भेदभाव रहित व्यवहारको अपेक्षा रहेको छ।

'जेन जी विद्रोह' पछि राजकीय तथा प्रशासनिक संरचना भताभुङ भएका छन् । यस्तो बेला राज्यकोषमाथि जनविद्रोहमा ध्वंस भएका भौतिक संचरनाको पुनर्निर्माणदेखि आकस्मिक आइपरेको नयाँ निर्वाचनको खर्च जोहो गर्नुपर्ने दबाब थपिएको छ।

सरकारलाई फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने प्रष्ट म्याण्डेट तोकिएको छ । प्रधानमन्त्री शुशिला कार्कीको नियुक्ति पत्रमै 'निर्वाचन सम्पन्न गर्ने गरी' भनेर सरकारको प्राथमिकता किटान गरिएको छ । राजनीतिक दललगायत सरोकारवाला सबै पक्षसँग समन्वय गर्दै चुनावको वातावरण बनाउनु यो सरकारको पहिलो कार्यभार हुनुपर्ने हो। सरकार गठन भएको एक महिना पुग्न लाग्दा राजनीतिक पार्टीहरूसँग समन्वयको आवश्यकता महसुस नगरेकी प्रम कार्की ताजा जनादेशप्राप्त पूर्णकालिन आरामदायी सरकार झैं नियमित प्रशासनिक काममै व्यस्त देखिन्छिन । यसअघिका सरकारहरूले जस्तै नियुक्ति र सरुवा,बढुवालाई प्राथमिकता बनाएको देखिदैछ ।

यस परिस्थितिमा सरकारलाई हामिले स्मरण गराउनु पर्दछ कि यो सरकार क्रान्तिको वलमा, विगतका सरकारले मात्र होइन कि सम्पूर्ण राज्यले गरेका गल्ति सच्याउने दिशा तय गर्न, परिवर्तनको निम्ति निर्माण भएको अन्तरिम सरकार हो।

५. हाम्रो पार्टीको पोजिसन र राजनीतिक विकल्प सहितको प्रस्ताव

संसद् विघटनप्रतिको आपत्ति वा संसद् पुनर्स्थापनाको मुद्दातिर पुराना दल लागेमा स्वयं दलका लागि प्रत्युत्पादक हुने छ। विद्रोहपछि मतदाता मनोविज्ञान, नागरिक भावना र समाजको शक्ति संरचनामा व्यापक परिवर्तन आइसकेको छ । राजनीतिक पूर्वाग्रहका कारण कदाचित् पुराना दललहरूले नयाँ निर्वाचनमा भाग लिएनन् वा अवरोध उत्पन्न गरे झन् परिस्थिति भयावह हुनसक्छ त्यसैले पनि अब प्रक्रिया रोकिनु हुदैन । बरु यस मौकामा पुराना दलहरुले आजसम्मका गल्तीका लागि गम्भीर आत्मसमीक्षा र श्वेतपत्र जारी गरी नागरिकसँग माफी माग्नु पर्दछ र निर्वाचनमा भाग नलिने भुल गर्नु हुदैन ।

क्रान्ति पछिको ऐतिहासिक अवसरलाई उपयोग गरी हामी साझा, समावेशी र स्वाभिमानी समृद्ध नेपाल निर्माण गर्न दृढ संकल्पित हुदै देशको वर्तमान चुनौतीहरू सामाधान गर्दै नयाँ नेपाल निर्माणका लागि सबै दल, पक्ष र जनसमुदायसँग समन्वय र सहकार्यमा हाम्रो पार्टी प्रतिबद्ध रहनु पर्छ। क्रान्ति पछी बनेको अन्तरिम सरकार निष्पक्ष निर्वाचन गराउने कार्यको अलावा परिवर्तनको महसुस गराउने गरी निम्न कदमहरु चाल्न आग्रह गर्दछ:-

१) क्षतिपूर्ति र न्याय: आन्दोलन उपर भएको अनावश्यक दमन एवं निजि तथा सरकारी सम्पती लुटपाट तथा आगजनी बारे सत्यतथ्य छानबिन गर्न आयोग गठन गरी पिडित उपर न्यायगरिनु पर्छ। साथै, स्वतन्त्र शक्तिशाली "जन-लोकपाल आयोग" गठन गरी ठूला घोटाला, भ्रष्टाचार, कर छली, अनियमितता र शक्ति दुरुपयोगमा संलग्नलाई कडा कारबाही गर्नुपर्छ।

२) अन्तरिम घोषणा र समयमै निर्वाचन: जेन-जी पुस्ता समेतको सहभागितामा सरकार समावेशी हुनुपर्छ भन्ने हाम्रो अपेक्षा छ। आगामी निर्वाचन समयमै सम्पन्न गराउन अविलम्ब निर्वाचनसंग सम्बन्धित कानुनी सुधारहरु गर्न अग्रसरता लिनुपर्छ। आसन्न निर्वाचनको ख्याल गर्दै आगामी संसदले संस्थागत गर्नेगरी 'सांस्कृतिक समुदायबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख' रहनेगरी बिशेष "अन्तरिम घोषणा" गरिनु पर्दछ।

३) संविधान पुनर्लेखनको सैद्धान्तिक सहमति: वर्तमान औपनिवेशिक तथा एकल नश्लिय मानसिकतामा आधारित संविधानलाई पूर्ण रूपमा पुनर्लेखन गर्न तथा नयाँ संविधानले देशको बहुल सांस्कृतिक पहिचान, सबै क्षेत्र र समुदायको स्वशासन, अधिकार र समानताको ग्यारेन्टी दिनुपर्ने कार्यादेश सहित "संविधान सुधार सुझाव आयोग" गठन गरिनु पर्छ। आयोगको प्रतिवेदन आगामी निर्वाचित संसदले ग्रहण गर्ने र संस्थागत गर्नेगरी हुनुपर्छ।

४) सुशासन एवं समृद्धिको निम्ति आर्थिक क्रान्ति: देशलाई गरिबीको दलदलबाट निकाल्न आर्थिक क्रान्ति अनिवार्य छ। मुलुकलाई आत्मनिर्भर बनाउँदै रोजगारी र प्रति व्यक्ति आयमा उल्लेख्य वृद्धि हुनेगरी कृषि, उद्योग, उर्जा, पर्यटन र प्रविधिमा आमूल सुधारको सुरुवात गर्नुपर्दछ। १० वर्षभित्र नेपालको जिडिपी कम्तीमा ५०० बिलियन डलरमा पुर्याउने लक्ष्य राख्नुपर्छ, यसको निम्ति ब्लुप्रिंट तयार गरी लागू गर्न " आर्थिक सुधार सुझाव आयोग" गठन गरिनु पर्छ।

५) स्वदेशीय सभ्यता र सांस्कृतिक पुनरुत्थान: नेपालको राजनीति स्वदेशीय सभ्यताबाट विमुख हुँदा समाजको जरा काटियो र युवा पुस्ता विदेशमुखी बने तथा लाखौं युवा विदेशिए। यसले राष्ट्रलाई परनिर्भर र समाजलाई खण्डित बनाएको छ। राज्य र समुदायबीचको सम्बन्ध विच्छेद बढ्दै गएर देश गम्भीर संकटमा परेको हो। तसर्थ अब गहिरो रूपान्तरण गर्दै बहुल राष्ट्रिय पहिचानलाई सम्मान सहित स्वदेशी सभ्यता, दर्शन र मूल्यमान्यतामा आधारित हाम्रो ज्ञान एवं संस्थाहरुको पुन:स्थापना गर्नुपर्दछ। यसको संबैधानिक व्यवस्थाको निम्ति एक "स्वदेशीय सभ्यता र सांस्कृतिक पुनरुत्थान सुझाव आयोग" बनाइनुपर्छ।

नेपालको राजनीतिक इतिहासमा लामो समयदेखि विविध जातीय, भाषिक र सांस्कृतिक समुदायहरू राज्यको संरचनाबाट वञ्चित र उत्पीडित हुँदै आएका छन् । यस्तै अवस्थाको समाधानका लागि राष्ट्रिय मुक्ति पार्टी नेपाल उत्पीडित समुदायहरू एवं सीमान्तकृत राष्ट्रहरु मधेशी, थारू, याक्थुङ लिम्बु, खम्बु किरात, तामांग, नेवा, तमु, मगर, खस, कोच, र अन्य पहिचानवादी शक्तिहरुलाई एकतावद्ध गर्दै नयाँ राजनीतिक विकल्पका रूपमा अगाडि बढिरहेको छ । यसै सन्दर्भमा जेन क्रान्ति पछिको पुनर्निर्माणको यस अवसरमा हामी सम्पूर्ण उत्पीडित, श्रमजीवी, किसान, मजदुर, युवा, महिला तथा सीमान्तकृत जनसमुदायलाई आह्वान गर्दछौं- विखण्डित आवाजलाई ऐक्यबद्ध शक्तिमा परिणत गरौं। यही साझा शक्ति नै दमनकारी, शोषणकारी र परनिर्भर संरचनाबाट मुक्ति दिलाउने आधार हो।

एकता र नयाँ राजनीतिक विकल्प समेतको निम्ति हामि खुला रहन सक्नुपर्छ। विचार, दर्शन मिलेसम्म एकता गर्ने नभए कार्यगत एकता एवं मोर्चावन्दी सम्मका विकल्पमा हामि तयार रहनुपर्छ। अहिले ६ राजनैतिक दलहरु सम्मिलित संघीय लोकतान्त्रिक मोर्चामा छौं र त्यसैगरी जनता समाजवादी पार्टीसंग कार्यगत एकता गरिएको छ । यी दुवै फ्रन्टका शक्तिहरु विच एकता, मोर्चाको साथै अन्य पहिचानवादी शक्तिहरु जनमुक्ति पार्टी, पहिचानवादी मोर्चा, संघीय लोकतान्त्रिक मंच लगायत जेन-जी

बाँकी पृष्ठ ६ मा

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**इनरुवा नगरपालिका**
**सुनसरी, कोशी प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देवानगन्ज गाउँपालिका**
**सुनसरी, कोशी प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खडक नगरपालिका**
**सप्तरी, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गौर नगरपालिका**
**रौतहट, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रनगर गाउँपालिका**
**सर्लाही, मधेश प्रदेश**

## हार्दिक शुभकामना

विजयादशमी, शुभदिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा सम्पूर्ण नगरवासी एवं देश–विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अग्निसाइर कृष्णासवरन गाउँपालिका**
**सप्तरी, मधेश प्रदेश**

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
